नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २३५ २०७८ साल बैशाख ९ गते बिहीबार (22 Apr. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : महिलालाई ज्युँदै आगो ... ३ पृष्ठमा : लाखौं अमेरिकी बेरोजगार, ... ३ पृष्ठमा अश्वेत नागरिक जर्ज ...

# स्व. गजेन्द्र नारायण सिंहलाई सम्झिदै निर्वाचित पदाधिकारीलाई सम्मान




**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

गजेन्द्र नारायण सिंहको जन्म जयन्तीको अवसरमा गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र राजविराजले नेपाल पत्रकार महासंघको निर्वाचनमा निर्वाचित पदाधिकारीहरुलाई सम्मान गरेको छ ।

अध्ययन केन्द्रले बुधबार एक कार्यक्रमको आयोजना गरी पत्रकार महासंघका नव निर्वाचित पदाधिकारीहरुलाई सम्मान र स्व. सिंहको राजनीतिक योगदानको सम्झना गर्दै उनको ९१ औं जन्मजयन्ती समेत मनाएको छ ।

नव निर्वाचित पत्रकार महासंघका पदाधीकारीहरुलाई सम्मान पश्चात् कार्यक्रममा बोल्दै प्रमुख अतिथी राष्ट्रिय सभाका सदस्य एवं जनता समाजवादी पार्टी नेपालका कार्यकारणी सदस्य मृगेन्द्र कुमार सिंह यादवले मधेशवादका प्रणेता स्व. सिहले देखाएको बाटो तथा पार्टी संगठनमा थालेको अभियानलाई पुरा गर्न सकेमा सच्चा श्रद्धाञ्जली हुने बताए ।

सोही कार्यक्रममा प्रदेश २ मिडीया काउन्सीलका अध्यक्ष शिवहरी भट्टराईले निष्ठावान नेताका रुपमा चिनिएका स्व. सिंह पत्रकारमैत्री भावना राख्ने नेताका रुपमा समेत चिनिनु भएको सुनाउदै उहाँको अभाव सधै खडकी रहने बताए ।

पत्रकार महासंघका सभापती श्रवण देवले मधेशमा निष्ठा र आर्दशको राजनीतिक गर्ने स्व. सिंहबाट वर्तमान र भावी पुस्ताले पाठ सिकेर अघि बढ्नु पर्नेमा जोड दिए ।

गजेन्द्र नारायण सिह अध्ययन केन्द्रका संयोजक एवं जिल्ला समन्वय समिती सप्तरीका प्रमुख प्रभावकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा जसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झा, केन्द्रिय सदस्य राजेश कुमार राय, अमरनाथ मण्डल, उपेन्द्र प्रसाद साह, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव लगायतले नव निर्वाचितलाई बधाई तथ स्व. सिंहको राजनीतिक योगदान बारे चर्चा गरेका थिए ।

सप्तरीको तिलाठी कोइलाठी गाँउपालिका घर भएका स्व. सिंह १९८७ सालमा राम नवमी कै दिन जन्मिएका थिए । उनले मधेशी अधिकारका लागी संगठित अभियानको नेतृत्व गरेका थिए ।

प्रत्येक वर्ष राम नवमीका दिन उनका अनुयायीहरुले स्व. सिहको जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाउदै आएका छन् ।

यसैबीच जनता समाजवादी पार्टीकाहरु राजविराजस्थित गजेन्द्र चौकमा रहेको स्व. सिंहको सालिकमा माल्यार्पण गरेका छन् । त्यस्तै जसपा नेता बिनोद यादवले स्व. सिंहको जन्म जयन्तीको अवसरमा लड्डु बाडेका छन् ।

# सामानान्तर कमिटीको गतिविधि रोक्न माग

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

नेकपा (माओवादी केन्द्र) सप्तरी जिल्ला कमिटीका अध्यक्ष तथा केन्द्रिय सदस्य अशोक कुमार मण्डलले जिल्ला कमिटीको नाममा गुटको सामानान्तर कमिटीको बैठक गरी संगाठनिक गतिविधिको माहोल र अवस्थालाई विगार्ने काम गरेको आरोप लगाएका छन् ।

अध्यक्ष मण्डलद्वारा बुधबार जारि विज्ञप्तिमा बहुमत सदस्यहरुको बैठकवाट लिएको निर्णयले संगठनका सबै गतिविधि गरी रहेकोमा प्रदेश नं. २ का सह-ईन्चार्ज विश्वनाथ साह र कन्द्रिय सदस्य राम कुमार शर्माले गरेको समानन्तर कमिटि गठन गरि गरिरहेको गतिबिधीप्रति घोर भर्त्सना गर्दै त्यस्ता क्रियाकलाप बन्द गर्न केन्द्रीय समिति संग मांग गरिएको छ ।

नेकपा (माओवादी केन्द्र) सप्तरी जिल्ला कमिटीको बहुमत सदस्यहरुको बैठकबाट लिएको निर्णयले संगठनका सबै गतिविधि गत बैशाख ३ गते वाट "जन संगठन विस्तार तथा सुदृढीकरण अभियान मार्फत सबै ज.ब.स. तथा मोर्चाहरुको सांगठनिक गतिविधि तिब्ररुपमा अगाडी बढी रहेको अवस्थामा गुटको सामानान्तर कमिटीको बैठक गरी संगाठनिक गतिविधिको माहोल र अवस्थालाई विगार्ने काम गरेको विज्ञप्ती मार्फत आरोप लगाइएको छ ।

# १९ केजी गाँजासहित पक्राउ

पर्सा, ८ वैशाख (रासस) ।


नेपालबाट भारततर्फ लैजाँदै गरेको प्रतिबन्धित लागुऔषध गाँजासहित पर्सा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ ।विशेष सूचनाका आधारमा प्रहरीले वीरगञ्ज महानगरपालिका-१५ बाइपास सडकखण्डबाट १९ किलोग्राम गाँजासहित वीरगञ्ज महानगरपालिका–-१३ मुर्ली निवासी उमर अन्सारीलाई पक्राउ गरी सार्वजनिक गरेको हो ।

ना३८प ६२२६ नंको मोटरसाइकलमा राखी भारततर्फ जाने क्रममा प्रहरीले अन्सारीलाई गाँजासहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जानकारी दिनुभयो । उहाँले मङ्गलबार वीरगञ्जबाट दक्षिणततर्फ जाँदै गरेका अन्सारीलाई रोकी जाँच गर्दा दुई पोकामा रहेको गाँजा बरामद भएपछि आवश्यक अनुसन्धानका लागि अन्सारीलाई नियन्त्रणमा लिइएको बताउनुभयो ।बरामद गाँजा, मोटरसाइकल र पक्राउ परेका व्यक्तिलाई जिल्ला प्रहरी कार्यालय पर्सामा राखी लागुऔषध कसुर मुद्दामा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

आधार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**सूचना**

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# दिनहुँ जसो मुल्य बृद्धि हुँदै, निकाय मौन

पछिल्लो समय खाद्यान्न, पेट्रोलियम पर्दाथ, तरकारी र फलफुल लगायतका समाग्रीको मुल्य निरन्तर बढीरहेको पाइएको छ। यसलाई नियन्त्रण गर्ने निकाय मौन देखिएका छन् । कहिले काही अनुगमन गरिहाले पनि कार्वाही नगर्दा मनपरी बढ्दै गएको सर्वसाधारणले गुनासो गरेका छन् ।

हाल बजारमा उपभोग्य वस्तुको मनपरी मूल्य कायम भई विक्री भईरहदा पनि स्थानीय प्रशासनले निगरानी र कडाई गरेको देखिएको छैन् । यता डिजल, पेट्रोल, मट्टीतेलका साथै खाद्यान्न, लत्ता कपडा, तराकारी, फलफुल, औषधी लगायत सबैको मूल्य अकाशिएको छ। अत्यन्तै तिब्र गतिमा बढाईएको मूल्यलाई नियन्त्रण गरी आम नागरिकलाई राहत दिने हो भने उत्पादपनदेखी बिक्री गर्ने स्थान सम्म अनुगमन हुनु अत्यन्तै आवश्यक रहेको छ। ६ महिना यता खाने तेल, चामल, दाल, तरकारी, साबुन, फलफुलका साथै इन्धनको भाउ पनि दैनिक जसो बढिरहेको छ।

तसर्थ यस्ता मुल्य बृद्धिले आम नागरिकको चुलो बाल्न समेत समस्या भईरहेकोले उपभोक्ताहरुको मर्काप्रति अविलम्ब तीनै तहको सरकारले ध्यान दिनु पर्ने आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिलालाई ज्युँदै आगो लगाउने र तेजाब प्रहार घटनाप्रति चिन्ता व्यक्त

काठमाडौँ, ८ वैशाख (रासस)।

“प्रेम प्रस्ताव अस्वीकार गरेबापत युवतीलाई ज्युँदै आगो लगाउने र तेजाब प्रहार गर्नेजस्ता जघण्य अपराध मात्र होइन नेपाली नारी हरेक पल घरपरिवारभित्रैका आफन्तबाट असुरक्षित छन्। सडक, विद्यालय, कलेज, कार्यालय र कार्यस्थलमा पनि पलपल उनीहरू चिरपरिचित र अपरिचितहरूबाट असुरक्षित छन्”

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुली महिला हकहितको संरक्षण, सशक्तीकरण तथा लैङ्गिक न्याय सुनिश्चित गर्न आयोगलाई चुनौतीपूर्ण बनेको यथार्थ सुनाउँदै सञ्चारकर्मीमाझ भन्नुहुन्छ। आफूले आयोगको नेतृत्व सम्हालेको ७७ औँ दिनमा संवैधानिक आयोगले बितेका एक वर्षमा गरेका कामबारे बुधबार पत्रकारलाई जानकारी गराउँदै उहाँले कार्यक्षेत्र व्यापक रहेको तर सीमित जनशक्ति, स्रोत साधन एवं प्रदेश र स्थानीय तहमा आयोग सशक्तरुपमा उपस्थित हुन नसकेको बताउनुभयो। “चुनौतीलाई चिर्दै हामी अघि बढिरहेका छौँ,” महिला अधिकार रक्षाका निम्ति अहोरात्र खटिने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो।

अहिलेको आधुनिक युगमा सूचना तथा सञ्चार प्रविधिको गलत प्रयोग हुँदा महिला हिंसाका घटना बढेको, वैदेशिक रोजगारीले पारिवारिक विचलन सिर्जना गरेको, खुला समाजको अवधारणाले ल्याएको सँगै बस्ने ‘लिभिङ टुगेदर’ का कारण महिला हिंसाका घटनामा वृद्धि भएको तथा तिनलाई सम्बोधन हुने व्यावहारिक कानूनका अभावमा नारी अस्मिता रक्षा चुनौतीपूर्ण बनेको बताउँदै उहाँले विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीले महिलाका विषयमा बेरोजगारी, हिंसाजस्ता थप समस्या सिर्जना गरेको, भारतसँगको खुला सीमाका कारण सिर्जित चेलीबेटी बेचबिखनका घटना तथा शिक्षा, रोजगारी प्राप्तिमार्फत महिलाको सुनिश्चित जीवनको प्रत्याभूति गराउन पनि आयोगका निम्ति थप चुनौतीपूर्ण बनेको वास्तविकता प्रस्तुत गर्नुभयो।

संविधान, कानून एवं महिला अधिकारसम्बन्धी अन्तरराष्ट्रिय निकायमा नेपालले गरेका प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन तथा तिनमाथि हुने सबै किसिमका हिंसा अन्त्य गर्न पाँचवर्षे मार्गचित्र तयारीमा आयोग लागेको जानकारी दिँदै अध्यक्ष पराजुलीले महिला हिंसाका घटनालाई सार्वजनिक गर्दै पीडितलाई न्याय र पीडकलाई सजाय कानूनको कठघेरामा उभ्याउन पछि नपर्ने दृढता व्यक्त गर्नुभयो।

आयोगका सदस्य कृष्णकुमारी पौडेलले नेपाली नारी अपाङ्गता, प्रजनन स्वास्थ्य, घरेलु हिंसा, सामाजिक अपहेलना, धार्मिक अन्धविश्वास र कुरीतिबाट अझै पीडित रहेको तथा एक्काइसौँ शताब्दीका सभ्य, सुसंस्कृत, बौद्धिक प्राणीबाटै समाज विकृत विकृत हुँदै गएकाले नैतिक शिक्षाको प्रवर्द्धन र पालनामा जोड दिनुभयो।

आयोगका सचिव मनोजकुमार आचार्यले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्न प्रदेश र स्थानीय तहसँग सहकार्य, महिला उद्यमशीलताको विकास र सशक्तीकरणका लागि सरोकार निकायसँग छलफल, महिला अधिकार प्रवर्द्धन र लैङ्गिक मूल प्रवाहीकरण, सरोकार निकायसँग छलफल, स्थानीय न्यायिक समितिसँग लैङ्गिक हिंसा निवारणका असल अभ्यास, हिंसापीडित महिलालाई मनोसामाजिक समस्यामा परामर्श एवं उद्धार, पुनःस्थापना र आवश्यक सहयोग एवं साझेदारीका कार्ययोजना पूर्णरुपले कार्यान्वयन गर्न आयोग क्रियाशील रहेको बताउनुभयो।

# राम पुण्य र मोक्षदायक : रामराज्यका प्रणेता

जनकपुरधाम, ८ वैशाख (रासस)।

मर्यादा पुरूषोत्तम भगवान रामको जन्मजयन्ती बुधबार जनकपुरधाममा श्रद्धा एवं हर्षोल्लास साथ मनाइँदै छ। रामको प्रेमभूमि र ससुराली, सीताको जन्मभूमि जनकपुरधामको प्राचीन राम मन्दिरमा आयोजित जन्मजयन्तीमा श्रद्धालु र साधुसन्तको सहभागिता रहेको छ भने सो परिसरमा श्रद्धालुद्वारा भजन, कीर्तनका साथै मिथिलाञ्चलमा जन्म संस्कारमा गाइने गीतले वास्तविक जन्मोत्सव झैँ अनुभति भइरहेको छ।

राम मन्दिरका महन्त राम गिरि कोरोना त्रासका कारण विगतभन्दा यसपटक श्रद्धालुको उपस्थिति कम भएको बताउनुहुन्छ। कोरोना सङ्क्रमणको जोखिमलाई दृष्टिगत गर्दै सहभागीले श्रद्धालु सरकारद्वारा जारी स्वास्थ्य मापदण्ड अपनाएर नैं पूजा अर्चना गरिरहेको उहाँको भनाइ छ।

त्रेता युगमा चैत शुक्ल नवमीका दिन रामको जन्म भएको शास्त्रमा उल्लेख छ र सोही दिनलाई रामनवमी भनिन्छ। भगवान राम सूर्यवंशी क्षत्रीय राजकूलका ६१औँ पुस्ताका राजा मानिन्छन्। उनी महाराजा दशरथका जेठा छोरा थिए।

राम शब्द रम् धातुबाट बनेको हो जसको अर्थ क्रीडा, खेल र आनन्द हो। विद्वानहरूले यसलाई विभिन्न प्रकारले अर्थ लगाए पनि रामको अलौकिक सौन्दर्यमा जीव मात्रलाई रमाउने जुन क्षमता छ, त्यसैकारण भगवानको नाम राम परेको हो भनिन्छ।

राम परब्रम्ह, परम तप, परम तारक ब्रम्ह भएको विश्वासका आधारमा मानिसले आफ्ना सन्तति र ठाउँको नामसमेत राम राखेको पाइन्छ। यस सन्दर्भमा महर्षि वैदिक विश्वविद्यालयमा गरिएको एक शोधमा विश्वमा रामको नाम जोडिएका एक हजारभन्दा बढी शहरको नाम पत्ता लागेको छ। धार्मिक ग्रन्थहरूमा शिवको रामभक्ति, हनुमान, नारद, अत्रि, अनुसूया, भरत, शबरी आदिको भक्ति एवं उपासना अद्वितीय रहेको छ।

कल्याण स्वरूप, सत्य स्वरूपका रूपमा पूजा गरिने राम पुण्य र मोक्षदायकको रुपमा अर्थ्याउने गरिन्छ। राम शब्द स्वयम्मा सच्चिदानन्द शब्द पनि हो। रामनवमी व्रत जसले गर्छ, उसले सम्पूर्ण पाप नाश गरी सिद्धि पाउँछ भनी विभिन्न शास्त्रमा वर्णन गरिएको छ। विश्वका महापुरूषको परम्परामा राम एक मात्र मर्यादा पुरूषोत्तम हुन् भन्ने उनको राज्य व्यवस्था र आदर्श लोकतन्त्रका लागि प्रेरणाको स्रोत मानिन्छ।

आज पनि सुशासन, सुव्यवस्था आदि लोककल्याण्कारी आदर्श व्यवस्थाका लागि शास्त्रीय गुणलाई एउटै शब्दमा प्रष्ट अभिव्यक्ति दिन रामराज्य शब्दलाई पूर्ण मानिएको छ। अझ देशभक्ति, पितृभक्ति, मातृभक्ति, भ्रातृप्रेम, प्रजावात्सल्य, सरलता, सहिष्णुता, धार्मिकता, नैतिकता, क्षमाशीलता, वीरताका उदाहरण दिँदा पनि रामलाई नै सम्झिने गरिएको छ।

जन्मजयन्तीका अवसरमा प्रदेश-२ सरकारले सार्वजनिक बिदा दिएको छ भने स्थानीय प्रशासनबाट सहभागीहरुलाई स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरिएको छ। सामाजिक अभियानकर्मी भगवान झा यसपटक कोरोनाकै कारण साधुसन्तका सहभागिता पनि निकै कम रहेको बताउनुहुन्छ।

# माओवादी बैठक : समर्थन फिर्ताको निर्णय लिने अधिकार अध्यक्ष दाहाललाई

काठमाडौँ, ८ वैशाख (रासस)।

नेकपा (माओवादी केन्द्र)ले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णय लिने अधिकार अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई दिएको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार बसेको स्थायी समिति बैठकले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन कहिलेदेखि फिर्ता लिने भन्ने निर्णय लिने अधिकार अध्यक्ष दाहाललाई दिएको प्रवक्ता नाराणकाजी श्रेष्ठले जानकारी दिनुभयो। “समर्थन फिर्ताको औपचारिक पत्र कहिले दिने भन्ने बारेमा अध्यक्षले निर्णय गर्नुहुनेछ”, उहाँले भन्नुभयो, “जुन छिट्टै हुनेछ।”

माओवादीले प्रतिनिधिसभा विघटन गरेसँगै वर्तमान सरकारलाई आफूहरुको समर्थन नरहने बताउँदै आएपनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको निर्णय संघीय संसद् सचिवालयलाई दिएको छैन। वैकल्पिक सरकार गठनको पहलकदमी लिइरहेको दाबी गर्दै आएको माओवादी केन्द्र समर्थन फिर्ताको निर्णयमा पुग्न सकेको छैन।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीबीच बारम्बार द्विपक्षीय, त्रिपक्षीय छलफल भए पनि त्यसले आकार लिन सकेको छैन। कांग्रेसले केन्द्रीय कार्यसमितिबाट आफ्नै नेतृत्वमा नयाँ सरकार निर्माण गर्ने निर्णय गरिसकेको छ भने जसपाले पनि यसबारेमा स्पष्ट निर्णय लिइसकेको छैन। प्रधानमन्त्री केपी शर्मा ओलीले भने ‘सरकारलाई सहयोग नगर्ने हो भने समर्थन फिर्ता लिन’ माओवादी केन्द्रलाई सार्वजनिकरूपमै आह्वान गर्नुभएको छ। माओवादीले संसद् विघटनविरुद्ध एक ठाउँमा उभिएका विभिन्न राजनीतिक दलको सहभागितामा नयाँ सरकार बनाउने गरी छलफललाई तीव्रता दिएको छ।

बुधबारको बैठकले पार्टी सङ्गठन र भ्रातृ संगठनमा शुद्धीकरणको अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ। बैठकले केही दिनभित्र राजनीतिक प्रतिवेदन तयार गरी स्थायी समितिमा प्रस्तुत गर्ने र स्थायी समिति बैठकले त्यसलाई केन्द्रीय समितिको बैठकका निम्ति प्रस्तावका रुपमा लैजाने निर्णय पनि गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

बैठकले कोभिड-१९ को प्रकोपबाट सुरक्षित रहन आम जनसमुदायलाई अपिल गर्ने निर्णय गरेको छ। पार्टीको सम्पूर्ण कमिटी र पंक्तिलाई कोभिड-१९ विरुद्धको जनचेतना र जागरणको अभियान सञ्चालन गर्न निर्देशन दिइएको छ।

# लाखौं अमेरिकी बेरोजगार, कोभिडका कारण रोजगारीमा फर्कन हिच्किचाहट

वासिङ्टन, ८ वैशाख (रासस/एएफपी)।

कोरोनाभाइरस महामारीबाट एक वर्षदेखि सङ्कट व्यहोरिरहेको संयुक्तराज्य अमेरिकामा लाखौं अमेरिकी बेरोजगार छन् । अर्थतन्त्र पुनःखुला भएपनि कतिपय रोजगारदातामाथि नयाँ मानिसलाई रोजगारी दिनेतर्फ अनपेक्षित चुनौती देखिएको छ ।

कोरोनाभाइरसबाट सङ्क्रमित हुने डरदेखि बालबच्चाको हेरचाह बापत प्राप्त हुने सरकारी बेरोजगार भत्ताको लोभमा कतिपय बेरोजगार अमेरिकी काममा पुनःफर्कन चाहिरहेका छैनन् ।

"यो कोभिड सङ्कटका लागि विरोधाभास हो," अक्सफोर्डका प्रमुख अमेरिकी अर्थशास्त्री ग्रेगरी डाकोले बताउनुभयो । "हामीसँग नयाँ रोजगारी र मागका बीचमा असन्तुलन छ र आउँदा महिनामा जोखिम बढ्नेछ ।"

कोभिड-१९ का खोपले व्यवसायलाई सामान्यतर्फ उन्मुख गराइरहेकाले अमेरिकी अर्थव्यवस्थामा सुधार आउन थालेको छ भने कम्पनीले पनि बढ्दो माग पूरा गर्न भर्ती गर्न थालेका छन् । विश्लेषकको भनाइमा, सबै बेरोजगार व्यक्ति आफ्नो जागिरमा फिर्ता हुन तयार देखिएका छैनन् ।

"मुख्य मुद्दा नै हामीबीच अझै पनि महामारी छ, र कामको खोजी गर्नेमा कार्यस्थलको स्वास्थ्य र सुरक्षाका बारेमा ठूलो चिन्ता छ," जिपरिक्रुटरकी अर्थशास्त्री जुलिया पोलकले भन्नुभयो ।

अमेरिकी जनसंख्याका एक चौथाइले पूर्णखोप लगाइसकेका छन् । यो संख्या युरोपको भन्दा बढी छ भने धेरै प्रमुख अर्थतन्त्र भएका मुलुकभन्दा निकै ज्यादा छ । तर यसको बाबजूद देशको तीन चौथाइ भाग कोभिड-१९ को सङ्क्रमण हुने जोखिममा छ ।

जर्जटाउन विश्वविद्यालयको फचुचरएडका अनुसार कोभिड महामारीका कारण बन्द भएका देशभरका आधाभन्दा बढी विद्यालय पूर्णकालीक कक्षामा फर्किसकेकाले बच्चाको हेरचाहको काम गर्ने अभिभावकका लागि यो अर्को चुनौती हो ।

विश्वकै सबैभन्दा ठूलो अर्थव्यवस्था भएको संयुक्तराज्य अमेरिकामा कोभिड-१९ को महामारीले झण्डै २२ करोड रोजगारी समाप्त पारिदिएको थियो जसमध्ये आधाभन्दा बढी अर्थात् एक करोड ४० लाख रोजगारी पुनःस्थापना भइसकेको छ ।

तैपनि, स्व-रोजगारमा रहेकासमेत झण्डै एक करोड ७० लाख मानिसले अझै पनि सरकारी बेरोजगारी सहायता प्राप्त गरिरहेका छन्, र धेरैले आंशिक समय काम गरिरहेका छन् किनभने उनीहरु पूर्ण समय काम गर्न पाउँदैनन् ।

अर्थशास्त्री डाकोले मजदूरको अभाव धेरै क्षेत्रमा देखिएको बताउनुभयो । खुल्ला, खाद्य सेवा, आतिथ्य र मनोरञ्जन जस्ता कामदार कटौती भएका क्षेत्रमा श्रमजीवीको माग बढेको उहाँको भनाइ छ ।

गत फेब्रुअरीको आखिरी र अप्रिलको शुरुको बीचको अवधिमा गरिएको अमेरिकी व्यवसायको सर्वेक्षणमा केन्द्रीय बैंकले भनेको छ, "कर्मचारी भर्तीमा चुनौती व्यापक देखिएको छ, खासगरी यो समस्या न्यून-ज्याला वा घण्टे कामदारका लागि बढी देखिएको छ ।"

भर्जिनियाको रिचमन्डमा केन्द्रीय बैंकले गरेको सर्वेक्षणमा सहभागी एक होटल व्यवसायीले आफूले फन्ट डेस्कका कामदार भर्ती गर्न सकेको तर सरसफाईका मजदूर भेट्टाउन नसकेको प्रतिक्रिया दिएका छन् । उनले सरसफाईमा काम गर्न धेरैले अरुचि देखाएको बताए ।

बैंकको शिकागो शाखाले गरेको सर्वेक्षणमा बेरोजगार मजदूरलाई घरमै राख्ने थुप्रै कारक रहेको जनाएको छ जसमा सरकारले उपलब्ध गराउने वित्तीय सहयोग पनि एउटा प्रमुख रहेको छ, जस्तै आगामी अगस्तसम्म उनीहरुले सरकारबाट साप्ताहिक थप ३०० डलर बेरोजगार भत्ता पाउने छन् ।

शिकागो शाखाले मानिस रोजगारीमा फर्कन कठिनाई हुनुमा बालबच्चाको स्याहार अर्को समस्या रहेको जनाएको छ । भाइरसको चिन्ता, सार्वजनिक यातायात प्राप्त गर्न कठिनाई र जागिर खोज्ने थकान जस्ता प्रक्रियाले पनि जटिलता थपेको छ ।

अमेजन, कस्टको, टार्गेट र वाल्मार्टजस्ता कतिपय ठूला कम्पनीले कर्मचारीको तलब वृद्धि गर्ने घोषणा गरेका छन् ।

# बजाज शून्य अफरमा भाग्यशाली विजेताले जिते १० लाख




**दैनिक समाचारदाता**
**काठमाडौं, ८ बैशाख ।**

हंसराज हुलास चन्द एण्ड कं.प्रा.लि, नेपालको लागि बजाज बाइकको एक मात्र आधिकारिक वितरकले नयाँ वर्ष २०७८ को अवसरमा नयाँ बजाज किन्ने ग्राहकहरुका लागि ल्याएको बजाज शून्य अफरबाट ग्राहकहरुले शून्यबाटै लाखौं लाख जितिसकेका छन् ।

यति मात्र होइन माछितजीत्कैया-६, लग्मा निवासी रोशन साफिले ओम अटोमोबाइल, जनकपुरबाट बजाजको पल्सर १५० बाइक खरिद गर्दा ६ वटा शून्य प्राप्त गरी १० लाख जित्न सफल भएका छन् ।

यस अफरमा सहभागी हुन ग्राहकले कुनै पनि बजाज बाइक बजाजको आधिकारिक शोरुम वा विक्रेताबाट खरिद गर्नु पर्नेछ । यो योजना अनुसार बजाजका कुनै पनि बाइक खरिद गर्दा ग्राहकले शून्य टेन्सनका साथ शून्य प्रतिशत ब्याजदरमा बाइक किन्ने सुविधा वा एसएमएस मार्फत प्राप्त आफ्नो युनिक कोडलाई विक्रेतासँग रहेको एपमा इन्टर गरी दोस्रो एसएमएस मार्फत ४ वटादेखि ६ वटासम्म शून्य प्राप्त गरी पूरै १० लाख सम्म जित्न सक्नुहुनेछ । अर्थात् यस अफरमा सहभागी भएर ग्राहकले न्यूनतम पनि १० हजार निश्चित रुपमा प्राप्त गर्न सक्नेछन् ।

यो योजना प्रथम विज्ञापन प्रकाशित भएको मितिदेखि अन्तिम विज्ञापन प्रकाशित भएसम्म लागू हुनेछ । कम्पनीका अनुसार नयाँ वर्षमा यो अफर ल्याउनको मुख्य उद्देश्य भनेको ग्राहकहरुलाई शून्य टेन्सन दिएर बजाजको उत्कृष्ट बाइकहरुको सवारीले निश्चिन्त बनाउनु नै हो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


# विश्व समाचार

## अश्वेत नागरिक जर्ज फ्लोएडको हत्यामा पूर्वप्रहरी डेरेक चौभिन दोषी ठहर

मिनियापोलिस, ८ वैशाख (रासस/एएफपी)।

संयुक्तराज्य अमेरिकाको मिनियापोलिसका पूर्वप्रहरी अधिकृत डेरेक चौभिनलाई अफ्रिकी-अमेरिकी मूलका अश्वेत नागरिक जर्ज फ्लोएडको हत्यामा अदालतले दोषी ठहर गरेको छ । झण्डै तीन सातादेखि अदालतमा चलिरहेको बहसलाई विश्वका सबैजसो प्रमुख समाचारमाध्यमले प्रमुखताका साथ प्रकाशन प्रशारण गरेका थिए । डेरेकले अश्वेत नागरिक फ्लोएडलाई पक्राउ गरेपछि भुईंमा लडाएर घुँडाले घाँटी थिचेपछि फ्लोएडको मृत्यु भएको थियो ।

मिनियापोलिसको अदालतले उक्त फैसला सुनाएलगत्तै अदालत बाहिर भेला भएका फ्लोएडका ठूलो संख्याका समर्थकले खुशी साटासाट गरेका थिए । जमानतमा रिहा भएका चौभिनलाई फैसला सुनाउनुअघि हत्कडी लगाएर अदालतमा उपस्थित गराइएको थियो । हेन्नेपिन काउन्टीका न्यायाधीश पिटर केहिलले फैसलाको पाठ सुनाउँदै उक्त फैसला सर्वसम्मत रहेको बताउनु भएको थियो । अदालतको जुरीमा सात जना महिला र पाँच जना पुरुष रहेका थिए ।

अदालतको आदेशमा गम्भीर अपराध गरेको भन्दै चौभिनलाई ४० वर्ष जेल सजाय हुने उल्लेख छ । मिनियापोलिस प्रहरीमा १९ वर्ष बिताएका चौभिनले फ्लोएडलाई नौ मिनेटभन्दा बढी घाँटीमा घुंडाले थिचेको भिडियो सार्वजनिक भएको थियो जसमा फ्लोएडले पटकपटक "म सास फेर्न सकिरहेको छैन" भन्ने सुनिएको थियो ।

छयालीस वर्षीय फ्लोएडको मे २५, २०२० का दिन मृत्यु भएको थियो । फ्लोएडमाथि एउटा पसलमा २० डलरको नक्कली नोट दिएको आरोप छ । तर उक्त घटनालाई जातीय विभेद र प्रहरीको क्रुरताको रुपमा व्याख्या गर्दै अमेरिका र विश्वका अन्य कतिपय मुलुकमा विरोध प्रदर्शन भएका थिए । फैसला आउनुअघि अमेरिकी शहरमा हिंसा भड्किने खतरा भन्दै सुरक्षा सतर्कता व्यापक बनाइएको थियो ।

## भारतमा कोभिड-१९ बाट २४ घण्टामा दुई हजारभन्दा बढीको मृत्यु

नयाँ दिल्ली, ८ वैशाख (रासस/एएफपी)।

भारतमा बुधबार एकै दिनमा कोभिड-१९ को कारण दुई हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । यसै अवधीमा भारतमा एकै दिनमा करिब तीन लाख व्यक्ति सङ्क्रमित भएका छन् ।

बुधबार एक दिनमा भारतमा दुई लाख ९५ हजारमा कोरोना सङ्क्रमण देखिएको हो । कोरोना माहामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो संख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ । यद्यपी संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए ।

सोही अवधीमा कोरोनाबाट दुई हजार २३ जनाको मृत्यु भएको छ । योसँगै भारतमा कोरोनाबाट मृत्यु हुने व्यक्तिको एक लाख ८२ हजार ५५३ जना पुगेको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी मङ्गलबार देशवासीको नाममा गर्नुभएको सम्बोधनमा देशका एक करोड ३० लाख व्यक्तिले फेरि एक पटक कोभिड-१९ सँग लडाइ गरिरहेका बताउनु भएको छ ।

केही साता अगाडीसम्म अवस्था नियन्त्रणमा रहेको र पुनःदोस्रो लहर आएपछि गाह्रो हुनथालेको पनि मोदीले बताउनु भएको छ ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १३ करोड लाख व्यक्तिले खोप लगाएका छन् । कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन् ।

भारतमा मङ्गलबार मात्रै १६ लाख ३९ हजार ३५७ जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ । अप्रिल २१ सम्म कूल २७ करोड १० लाख ५३ हजारभन्दा बढीले कोरोना परीक्षण गरिएको पनि परिषद्ले उल्लेख गरेको छ ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यको रुपमा रहेको छ । दिल्लीमा मङ्गलबार एकै दिनमा २८ हजार ३९५ जना कोरोना भाइरस सङ्क्रमित भएका २७७ जनाको मृत्यु भएको छ । भारतको दिल्लीमा कोरोना शुरु भएपछि हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार ६३८ जनाको मृत्यु भइसकेको छ ।

## अफगानिस्तानमा सेनाको कारबाहीमा १५ तालिबान लडाकू मारिए

काबुल, ८ वैशाख (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा सरकारी सुरक्षा फौजले गरेको कारबाहीमा कम्तीमा १५ जना तालिबान लडाकू मारिएको रक्षा मन्त्रालयले जनाएको छ । मन्त्रालयको विज्ञप्तिमा बुधबार कान्दाहारको डन्ड र अर्घनडाब जिल्लामा तालिबान लडाकू भेला भई सेनाको शिविरमा आक्रमण गर्न लागेको भन्ने सूचनाका आधारमा सेनाले कारबाही गरेको उल्लेख छ ।

कारबाहीमा अरु पाँच जना तालिबानी लडाकू पनि घाइते भएका थिए । सैनिक कारबाहीलाई सघाउन अफगान हवाई बलले पनि मद्दत गरेको रक्षा मन्त्रालयको भनाइ छ । मन्त्रालयले विद्रोही तालिबानका एउटा कारबम, तीन वटा मोटरसाइकलसहित ठूलो सङ्ख्यामा हातहतियार बरामद भएको जनाएको छ । सेनाले खोज तथा घेराबन्दी सैन्य कारबाही थालेपछि विद्रोही तालिबानको बलियो उपस्थिति रहेको कान्दाहारमा सुरक्षा व्यवस्थामा पछिल्ला केही महिनादेखि निकै सुधार आएको छ ।

# जाली नोटसहित तीन जना पक्राउ



**दैनिक समाचारदाता**
**सुनसरी, ८ बैशाख ।**

सुनसरीको इनरुवा नगरपालिका ४ स्थित एक होटलबाट प्रहरीले जाली नोटसहित ३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धरान १९ का ६६ वर्षीय टेक बहादुर तामाङ, हरिनगर २ का २४ वर्षीय नजिम साफि र धरान १७ का महेन्द्र तामाङ रहेका छन् ।

जाली नोटको कारोबार गरिरहेको भन्ने विशेष सुचनाको आधारमा प्रहरीले मंगलबार साँझ चेकजाँच गर्दा उनीहरुको साथबाट नेपाली जाली नोट १ हजार दरका ४ सय १५ थान बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

जाली नोट सहित पक्राउ परेका तीनै जनालाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २२ मुद्दा सम्बन्धि कसुर अन्तरगत मुद्धा दर्ता गराई थप अनुसन्धान समेत भईरहेको सो कार्यालय जनाएको छ ।

# सरकारी मूल्यमा गहुँ खरिद शुरु

वीरगञ्ज, ८ वैशाख (रासस) ।

प्रत्येक वर्ष धान खरिद गर्दै आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जले मङ्गलबारदेखि किसानसँग समर्थन मूल्यमा गहुँ खरिद शुरु गरेको छ । संस्थानले नगदमै किसानसँग गहुँ खरिद शुरु गरेको हो ।

यसअघि सरकारी स्वामित्वमा रहेको संस्थानलाई धान बेच्दा राम्रो मूल्य पाएका किसान अहिले गहुँ बेच्न आकर्षित हुन थालेका छन् । सरकारले गहुँको समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार १११ निर्धारण गरेपछि किसानले सरकारलाई गहुँ बिक्री गर्न थालेको किसान विजय पण्डितले बताउनुभयो ।

सङ्घीय सरकारले यस वर्ष तीन हजार क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य राखेको छ । पहिलो दिन मङ्गलबार ४० क्विन्टल गहुँ खरिद गरिएको कार्यालय प्रमुख विकास कटुवालले राससलाई बताउनुभयो । संस्थानले एक किसानसँग बढीमा ४० क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य राखेको कार्यालयका सूचना अधिकारी मुनिलाल कुशवाहाले बताउनुभयो ।

अहिले गहुँको बजार मूल्य प्रतिक्विन्टल रु तीन हजार रहेको छ । स्थानीय मैदा मिलहरूले प्रतिक्विन्टल रु तीन हजार १०० का दरले किसानसँग खरिद गर्दै आएका छन् । पर्सामा यस वर्ष किसानहरूले २६ हजार ५० हेक्टर क्षेत्रफलमा गहुँ खेती गरी ८५ हजार ९६५ मेट्रिक टन गहुँ उत्पादन गरेको कृषि ज्ञान केन्द्र पर्साका बाली विकास अधिकृत सुरेशप्रसाद चौरसियाले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगञ्ज शाखाले सोना मन्सुली धान ३५ हजार क्विन्टल र जिरामसिनो धान ११६ क्विन्टल खरिद गरेको छ ।

# त्रिविद्वारा भर्चुअलबाट कक्षा लिन निर्देशन

काठमाडौँ, ८ वैशाख (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले कोरोना भाइरस अति प्रभावित जिल्लाका ठूला शहरका क्याम्पसको पठनपाठन भर्चुअल माध्यमबाट गर्न निर्देशन दिएको छ । त्रिविका सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले कोभिड–१९ को सङ्क्रमण बढ्दै गएकाले भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गर्न निर्देशन दिनुभएको हो ।

यसअघि सोमबार बसेको मन्त्रिपरिषद् बैठकले वैशाख मसान्तसम्म विद्यालय र कलेजलाई अनलाइन वा वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो । उहाँका अनुसार काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, झापा, सुनसरी, मोरङ, सप्तरी, जनकपुर, मकवानपुर, रुपन्देही, बुटवल, चितवन, बाँके, पर्सा, नेपालगञ्ज, दाङ, सुर्खेत, बागलुङ र महेन्द्रनगरमा सैद्धान्तिक कक्षा अनलाइनको माध्यमबाट सञ्चालन गर्न भनिएको छ ।

त्रिविले यी ठूला शहरबाहेक बाँकी जिल्लाका शहरमा भने स्थानीय तहसँगको समन्वयमा जनस्वास्थ्यका मापदण्ड लागू गरी कक्षा सञ्चालन गर्न आग्रह गरेको हो । यस्तै त्रिविले आवश्यक स्वास्थ्य सावधानी अपनाई परीक्षा सञ्चालन, २५ जनाभन्दा बढी उपस्थित नहुने गरी कुनै सभा, बैठक, गोष्ठी, सभा नगर्न र सबै कार्यालय, क्याम्पस, स्कुल र विभागले स्वास्थ्य सावधानी अपनाउँदै मास्क, सेनिटाइजर र साबुन पानीको आवश्यक व्यवस्था गर्न आग्रह गरिएको छ ।

# नमूना नै नलिई बन्छ पिसिआरको नेगेटिभ रिपोर्ट

काठमाडौँ, ८ वैशाख (रासस) ।

मानिसको स्वाब सङ्कलन नै नगरी कोभिड–१९ परीक्षणको पिसिआर नेगेटिभ रिपोर्ट बनाउने कार्यमा एउटा गिरोह सक्रिय रहेको पाइएको छ । काठमाडौँको सिनामङ्गलमा रहेको सुरिया हेल्थकेयर प्रालिका सञ्चालक डा सिपी श्रीकुमार र मेरिट मल्टी केयर मेडिकल सेन्टर प्रालिका सञ्चालक प्रकाश रायमाझी भन्ने चित्रबहादुर रायमाझीसहितको समूह मिलेर उक्त नक्कली कार्य गरी पैसा असुल्ने गरेको खुल्न आएको छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि आवश्यक पर्ने पिसिआर रिपोर्ट अत्यधिक रकम लिई नमूना सङ्कलन नै नगरी नक्कली बनाउने गरेको खुलेकाले उनीहरूसहित आठ जनालाई पक्राउ गरिएको महानगरीय अपराध महाशाखाले जनाएको छ ।

सूचनाका आधारमा अनुसन्धानमा खटिएको प्रहरी टोलीले मङ्गलबार साँझ काठमाडौँको सिनामङ्गलमा रहेको सुरिया हेल्थकेयर प्रालिबाट जारी भएका स्वाब सङ्कलन तथा परीक्षण नै नगरी 'पिसिआर टेष्ट नेगेटिभ' भनी उल्लेख भएका चार थान नक्कली परीक्षण रिपोर्टसहित उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा झापा गौरादह घर भई हाल पेप्सीकोला बस्ने ४५ वर्षीय प्रकाश रायमाझी भन्ने चित्रबहादुर रायमाझी, सप्तरीका प्रमोदकुमार यादव, महोत्तरी गौशालाका प्रदीपकुमार गिरी, महोत्तरीकै अमनकुमार यादव, मोरङ विराटनगरका बजेश पोखेल, महोत्तरीका बादल मिरिङ थिङ, दोलखा वैतेश्वरी घर भई चाबहिल बस्ने २२ वर्षीय सरोज क्षेत्री र सप्तरी मध्यपुराका डा खेलानन्दप्रसाद सिंह रहेको प्रहरीले जनाएको छ ।

त्यहाँबाट रिपोर्ट बनाउन प्रयोग हुने कम्प्युटरलगायतका उपकरणसमेत नियन्त्रणमा लिइएको र थप अनुसन्धान कार्यका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुका प्रतिनिधिको रोहबरमा सुरिया हेल्थकेयर प्रालिको सेवा हाललाई बन्द गराइएको महाशाखाले जनाएको छ । उनीहरूले प्रतिव्यक्ति रु नौ हजार लिई नक्कली रिपोर्ट बनाउने गरेको खुलेको छ ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिंङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिस्यूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np